# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल


प.स: २०८२/०८३
च.नं:

मितिः २०८३/०३/३२

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना।

सामाजिक सुरक्षा नियमावली, २०७६ (दोस्रो संशोधन २०७९) को नियम (९) को उपनियम १ बमोजिम सामाजिक सूरक्षा भत्ता परिचयपत्र हरेक वर्ष नवीकरण गर्नुपर्ने व्यवस्था भए अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका यस सरुमारानी गाउँपालिकाको ६ वटै वडाका सम्पूर्ण लाभग्राहीहरुले **२०८३ श्रावण १ देखि भदौ मसान्त भित्र** सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्ति सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई परिचयपत्र नवीकरणको लागी निवेदन दिनुहुन अनुरोध छ।

साथै परिचय पत्र नवीकरण नभएको अवस्थामा लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरु**

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को अनुसूची ३ को ढाचाँ अनुसारको निवेदन (सम्बन्धित वडा कार्यालयबाट उपलब्ध हुनेछ)
- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
- राष्ट्रिय परिचयपत्र नं. वा राष्ट्रिय परिचयपत्र सम्वन्धी आवेदन रुजु फारमको प्रतिलिपी। (अनिवार्य)
- भत्ता बुझ्ने परिचयपत्र।
- पासपोर्ट साईजको फोटो १ प्रति।
- विधवा महिलाको हकमा पतिको मृत्यू दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- ६० वर्ष मुनिका विधवा महिलाको हकमा अर्को विवाह नगरेको प्रमाण पत्रको प्रतिलिपि।
- अपाङ्गता भएका व्यक्तिहरुको हकमा अपाङ्गताको परिचयपत्र तथा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- दलित बालबालिकाको हकमा जन्मदर्ता तथा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

..............................
(त्रिविक्रम खड्का) २०८३/३/३२
प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री वडा कार्यालय सबै, सरुमारानी गाउँपालिका प्युठान।

अनुसूची २

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**परिचयपत्र नवीकरणका लागि दिने निवेदनको ढाँचा**

मितिः

**विषयः परिचयपत्र नवीकरण सम्बन्धमा ।**

श्री अध्यक्षज्यू,

सरुमारानी गाउँपालिका

वडा नं...................

जिल्लाः..............................

प्रदेशः.........................

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा वा अन्य सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

६० वर्ष भन्दा मुनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानूनले अयोग्य नभएको व्यहोरा प्रमाणित भएको हुनुपर्नेछ।

लाभग्राहीको विवरणः

नाम थरः लिङ्गः

लक्षित समूहः सामाजिक सुरक्षा परिचयपत्र नं

राष्ट्रिय परिचयपत्र नं. सम्पर्क मोवाइल नं

दस्तखतः मितिः-

**संरक्षक/माथवर/स्याहारसुसार गर्ने व्यक्तिको विवरण (बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा)**

यस निवेदनमा भएको लाभग्राहीको दस्तखत सहिछाप मेरो रोहवरमा भएको ठिक साँचो हो। यसमा भएको दस्तखत वा मितिमा फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने इच्छाएको व्यक्तिकोः

नाम थरः दस्तखतः

भत्ता प्राप्त गर्ने व्यक्तिसँगको नाताः सम्पर्क मोबाईल नं

राष्ट्रिय परिचयपत्र नं. मितिः

**कार्यालय प्रयोजनको लागि**

दर्ता नं.:-

रुजु गर्ने कर्मचारीको

दस्तखतः

नाम थरः

पदः